नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०४ /२६**

विएस्सी (**B.SC. Agriculture**) विषयमा नि:शुल्क अध्ययनका (छात्रवृत्तिमा) लागि दरखास्त माग सम्वन्धी अत्यन्त जरुरी सूचनाः

कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तरगत देहायका कलेजहरूमा शैक्षिक सत्र २०७७/०७८ मा **B.SC. Agriculture** विषयको निशुल्क अध्ययनका लागि तीस सीट छात्रवृत्ति प्राप्त भएकोमा छात्रवृत्ति सम्बन्धी नियमावली २०६० अनुसार योग्यताक्रम कायम गर्नुपर्ने भएकोले देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट छात्रवृत्ति शाखाको applyscholarship@moest.gov.np इमेलमार्फत दरखास्त आव्हान गरिएको छ ।दरखास्त पठाउँदा एकजना उम्मेदवारले एकपटक मात्र इमेल गर्नुपर्ने छ । इमेल गर्दा सामान्य इमेज बनाएर फोल्डरमा जिप गरी पठाउनु पर्ने छ ।दरखास्त पठाउनु अघि सबै कागजात दुरुस्त भएनभएको चेक गरेर मात्र गर्न अनुरोध गरिन्छ ।

१) दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क) कृषि तथा वनविज्ञान विश्वविद्यालयले २०७७ सालमा सञ्चालन गरको स्नातक तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख)१. दरखास्तका लागि तोकिएको समूह तथा सिट : (कलेजगत)

| क.स. | कलेज | सिट संख्या |
|---|---|---|
| १ | रामनगर टेक्निकल कलेज | ५ |
| २ | जीविका कृषिविज्ञान सुनसरी | ५ |
| ३ | भ्याली कृषि क्याम्पसऽ ललितपुर | ५ |
| ४ | ब्राइट मध्यपश्चिम सुर्खेत | ५ |
| ५ | गोर्खा पोलिटेक्निकल बाँके | ५ |
| ६ | पूर्वाञ्चल कृषि क्याम्पस झापा | ५ |
| | कुल | ३० |

## ख २ आरक्षित सिट संख्या निर्धारण

| आरक्षण प्रकार | सिट संख्या | आरक्षण प्रकार | सिट संख्या |
|---|---|---|---|
| मधेशी | ३ | जनजाति | ४ |
| महिला | ४ | दलित | १ |
| दुर्गम तथा पिछडिएको | १ | | |
| आरक्षण कुल | १३ | | |
| साधारण कुल | १७ | | |
| जम्मा | ३० | | |

२) दरखास्त दिने म्यादः मिति २०७८ साल साउन २६ गतेदेखि २०७८ साल भाद्र १ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलको इमेल applyscholarship@moest.gov.np मा आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पठाउन सकिने छ ।दरखास्तको नमूना यसैसाथ संलग्न छ ।

३) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको भौचरको स्क्यान समेत संलग्न राखी छात्रवृत्ति शाखामा निवेदनसाथ पठाउनु पर्नेछ ।भौचरको नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

४) दरखास्त साथ Scan गरी संलग्न गर्नुपर्ने कागजातहरू

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको भौचर
- नागरिकता प्रमाण पत्र
- कृषि तथा वनविज्ञान विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- १० + २ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, / SEE उत्तीर्ण गरेको मार्कसिट
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ पाठ्यक्रम विकास केन्द्रबाट प्रतिशत/ग्रेड खुलाएको समकक्षता पत्र समेतको Scan प्रति संलग्न गर्नुपर्ने छ ।
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम, थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको स्क्यान प्रतिसमेत

**ख Community School Group सामुदायिक विद्यालय तर्फको आरक्षण समूह**

आरक्षणका लागि निवेदन दिन चाहने उम्मेदवारहरूले साधारण समूह का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेत संलग्न गर्नुपर्नेछ ।

१) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी सम्बन्धित स्थानीय निकाय वा शिक्षा समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र

२) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०७८ साल साउन २६ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७८ भाद्र १ गते सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र । यो पत्र नभएमा दरखास्त आरक्षणतर्फ अस्वीकृत भई साधारण तर्फ तथा अन्य विद्यालय समूहतर्फ मात्र कायम हुने छ ।

३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातिको सिफारिस : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट
- मधेशीको सिफारिसः जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट
- दलितको सिफारिसः जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय निकायबाट वा सम्बन्धित आधिकारिक निकायबाट जारी भएको परिचय पत्र
- पिछडिएको तथा दुर्गम क्षेत्रः दरखास्त दिने मितिसम्म तोकिएका सम्बन्धित जिल्लामा बसोबास गरेको सम्बन्धित स्थानीय निकायको प्रमाणित सिफारिस पत्र (बझाङ, बाजुरा, अछाम, जाजरकोट, हुम्ला, जुम्ला मुगु, कालिकोट र डोल्पा)

ग ) Other School Group अन्यविद्यालय तर्फको आरक्षण समूह

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले माथि साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं ३ मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति दरखास्तसाथ संलग्न हुनुपर्ने छ । सामुदायिक विद्यालय समूहमा उम्मेदवार नभएको अवस्थामा मात्र यस समूहमा निवेदन दिने उम्मेदवारले अवसर प्राप्त गर्न सक्ने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

४. योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा नियमानुसार शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ४४१८१६९ मा फोन गरी जानकारी लिन सकिने छ । दरखास्त पठाएको आधा घण्टा जतिपछि मात्र फोन गरी दरखास्त पुगेनपुगेको सुनिश्चित हुनुपर्ने छ ।कृपया दरखास्त पठाउँदा आफ्नै इमेल वा अरूको प्रयोग गर्ने बाध्यता भए जवाफ आदानप्रदान हुने इमेलबाट पठाउनु पर्ने छ । आवश्यक पर्दा शाखाबाट फोन हुन सक्ने भएकाले आफूले प्रयोग गर्ने फोन स्पष्ट हुने गरी निवेदनमा उल्लेख गर्नु पर्ने छ ।*

बैङ्कभौचरको नमूना

नमूना

बैंकको छाप

# राष्ट्रिय वाणिज्य बैंक लि.

अनुसूची २४

शाखा कार्यालय .................

राजश्व दाखिला फाराम (Deposit Slip)

दाखिला फाराम (Deposit Slip) नं. 11055513 मिति ........................

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. १ ० ० ० १ ० ० २ ० ० ० १ ० ० ० ०

राजश्व संकलन भएको प्रदेश : [ ] जिल्ला [ ]

स्थानीय तह [ ]

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग वापतको हो अनिवार्य खुलाउनु पर्नेछ)

प्रयोजन : छात्रवृत्ति प्रयोजन

कार्यालयको कोड: ३ ५ ० ० ० ३ ५ ० १

कार्यालयको नाम: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १ ४ २ २ ९

दाखिला भएको रकम रु. अंकमा: १ ० ० ० —

अक्षरमा: एकहजार रूपैया मात्र —

आय वर्ष: २०७८/२०७९ श्रोत कर कट्टी: हो [ ] होइन [ ]

बापत: छात्रवृत्ति प्रयोजन

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं. [ ]

जारी गर्ने बैंक र शाखा: [ ]

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: विद्यार्थीको नाम लेख्ने

ठेगाना/फोन नं. समेत: विद्यार्थीको ठेगाना र फोन नं लेख्ने

भ्याट/पान नं. [ ]

विद्यार्थीको सही

बैंकले भर्ने:

कारोबार संकेत नं. [ ]

दाखिला रकम [ ]

मिति : ........................

रकम दाखिला गर्नेको सही

प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ। RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ। यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ।

*(सम्बन्धित स्थानीय निकायको लेटरप्याडमा हुनुपर्ने)*

विपन्नताको ढाँचा

अनुसूची-१ख.

९नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ............ जिल्ला ................. गाउँपालिका/न.पा./उ.म.न.पा/म.न.पा. .............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

कार्यालयको छापः

| रु.१०।-को हुलाक टिकट टांस गर्ने | Photo | दर्ता नं<br>मिति |
|---|---|---|

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७८।०४/२६ मा प्रकाशित सूचना अनुसार BSc Agriculture विषयको स्नातक तहमा अध्ययन गर्न योग्य भएको कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुर चितवनले २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित रु. १०।- को हुलाक टिकट समेत टाँस गरी दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. कृषि तथा वनविज्ञान विश्वविद्यालय, रामपुर, चितवन

**नम्बर**

| योग्यताक्रम(Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | नेपाली | | |
| अंग्रेजी | | | | अंग्रेजी | | |

२. कलेज प्राथमिकता (१, २, ३, ४, ५, ६ गरी अनिवार्य रूपमा अंकमा लेख्नुहोस् । प्राथमिकताक्रम नराखेमा दरखास्त अस्वीकृत हुन सक्ने छ)

| क.स. | कलेज | प्राथमिकता | क.स. | कलेज | प्राथमिकता |
|---|---|---|---|---|---|
| १ | रामनगर टेक्निकल कलेज | | ४ | ब्राइट मध्यपश्चिम सुर्खेत | |
| २ | जीविका कृषिविज्ञान सुनसरी | | ५ | गोर्खा पोलिटेक्निकल बाँके | |
| ३ | भ्याली कृषि क्याम्पसऽ ललितपुर | | ६ | पूर्वाञ्चल कृषि क्याम्पस झापा | |

३. **आवेदन गरेको समूह (टिक लगाउनुहोस्)**

| क.स. | समूह | सामुदायिक | अन्य विद्यालय | क सं | समूह | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १ | साधारण | | | ४ | जनजाति | | |
| २ | महिला | | | ५ | दलित | | |
| ३ | मधेशी | | | ६ | पिछडिएको/दुर्गम | | |

निवेदक : नामथर : ................................................................. Name In English : ........................................................

जन्म मिति विक्रम संवत् : ............................................................. ईश्वी संवत : .................................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : .........................................

इमेल : ........................... नागरिकता नं: नागरिकता जारी मिति:

अभिभावकको नाम थर :................................................. सम्पर्क फोन न/मोवाइल नं. : ........................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ झुट्टा ठहरे कानुन वमोजिम सहुँला बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

दस्तखत..................................

मिति................................

| | |
|---|---|
| दायाँ | बायाँ |